नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

गुल्मी

वार्षिक प्रगति विवरण

आ.व २०८२/८३

प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, गुल्मी

गुल्मी जिल्लाको संक्षिप्त परिचय

१. पृष्ठभूमि

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकार गृह मन्त्रालयले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीती, निर्देशन तथा गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ ।

गुल्मी जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मुलतः जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था, नागरिकता र राहदानी वितरण, विपद् व्यवस्थापन लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्धाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै आइरहेको छ । यस जिल्लाका करिब ३ लाख जनतामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिगर्ने समेतका कार्यहरु गर्दछ ।

१.१. जिल्लाको परिचय

लुम्बिनी प्रदेशका १२ जिल्लामध्येको गुल्मी जिल्ला सो प्रदेशको उत्तरी सिमानामा अवस्थित रहेको छ । संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउँलाई गुल्म भनिने र सामरिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहने भएकोले यसलाई गुल्मी भनी नामकरण गरिएको हो भन्ने भनाइ रहेको छ । लिच्छवीकालमा यो ठाउँ, गढी गुल्म गण्डकी नदीको छेउको छाउनी भनिन्थ्यो । यहाँ गुल्मी चारपाला भन्ने ठाउँ पनि छ । जसलाई गुल्मीकोट पनि भनिन्थ्यो । यसैका आधारमा यस जिल्लाको नाम गुल्मी रहेको हो भन्ने भनाइ पनि पाइन्छ ।जिल्लाको जनसंख्या २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार २,४६,४९४ जसअनुसार ४५.४ प्रतिशत पुरुष तथा ५४.६ प्रतिशत महिला रहेका छन् । यहाँका प्रमुख जातीहरुमा ब्राह्मण, क्षेत्री, मगर, नेवार आदि पर्दछन् । यिनीहरुले मुख्य भाषाको रुपमा नेपाली भाषा बोल्दछन् भने केही जातिहरुले आफ्नो मातृभाषा पनि बोल्ने गरेको पाइन्छ । यहाँका मानिसहरु मुख्यतः खेतीपाती, नोकरी, व्यापार तथा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ जिल्लाको जातीय तथा जनसङ्ख्यासम्बन्धी विवरण निम्नअनुसार रहेको छ (जनगणना २०७८ अनुसार प्रतिशतमा) ।

कुल जनसंख्या - २,४६,४९४ (पुरुष - ४५.४ प्रतिशत महिला ५४.६ प्रतिशत)
जनसंख्या वृद्धिदर - -१.२३ प्रतिशत
घरधुरी संख्या- ६६१२५
जनघनत्व प्रति वर्ग कि.मि - २१५ अपाङ्गता- ३.२ प्रतिशत

गुल्मी जिल्लाका स्थानीय तहहरु

गुल्मी जिल्लामा जम्मा १२ वटा स्थानीय तहहरु जुन निम्नानुसार रहेका छन् ।

१. रेसुङ्गा नगरपालिका

२. मुसिकोट नगरपालिका

३. मदाने गाउँपालिका

४. मालिका गाउँपालिका

५. इश्मा गाउँपालिका

६. धुर्कोट गाउँपालिका

७. गुल्मीदरवार गाउँपालिका

८. छत्रकोट गाउँपालिका

९. रुरुक्षेत्र गाउँपालिका

१०. सत्यवती गाउँपालिका

११. कालिगण्डकी गाउँपालिका

१२. चन्द्रकोट गाउँपालिका

प्रमुख जिल्ला अधिकारी

गुल्मी जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

सिन.	प्रतिष्ठानको नाम	जिल्ला	ठेगाना	नजिकको प्रहरी ईकाई	कै
१	रेसुङ्गा क्षेत्र	गुल्मी	रे.न.पा / गुल्मी दरवार	जि.प्र.का. गुल्मी	
२	राम जानकी मन्दिर	गुल्मी	रेसुङ्गा न.पा १, गुल्मी	जि.प्र.का. गुल्मी	
३	धागिथुम भगवती मन्दिर	गुल्मी	रेसुङ्गा न.पा २, गुल्मी	जि.प्र.का. गुल्मी	
४	विष्णु पादुका	गुल्मी	तम्घास ५	जि.प्र.का. गुल्मी	
५	शिवालय मन्दिर	गुल्मी	तम्घास ७	जि.प्र.का. गुल्मी	
६	अर्जुनकी देवी	गुल्मी	रेसुङ्गा न.पा ७, गुल्मी	जि.प्र.का. गुल्मी	
७	विचित्र गुफा	गुल्मी	धुर्कोट गा.पा ५ वस्तु गुल्मी	प्र.चौ.धुर्कोट वस्तु	
८	गुम्रेश्वर गुफा	गुल्मी	कालीगण्डकी ४, गुल्मी	प्रचौ पुर्तिघाट गुल्मी.	
९	रिडि रुरु क्षेत्र	गुल्मी	रुरुक्षेत्र गा.पा.१, गुल्मी	ई.प्र.का.रिडी गुल्मी	

जिल्ला प्रशासन कार्यालय गुल्मीको पृष्ठभूमी

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८ मा व्यवस्था भए अनुरुप प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ । नेपाल सरकार गृह मन्त्रालयले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून,नेपाल सरकारको नीति, निर्देशन तथा गृह मन्त्रालयको रेखदेखमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ ।

गुल्मी जिल्लामा २ वटा नगरपालिका र १० गाउँपालिका गरी १२ वटा स्थानीय तहहरु रहेका छन् भने यस अन्तर्गत ९३ वटा वडा कार्यालयहरु रहेका छन् । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत रहेको यस कार्यालयले मुलतः जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था, नागरिकता र राहदानी वितरण, विपद् व्यवस्थापन लगायत जिल्लाका विभिन्न कार्यालयहरुबीच संस्थागत समन्वय गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरु कारवाही र किनारा लगाउने समेतका कार्य गर्दै आइरहेको छ । यस जिल्लाका करिब ३ लाख जनतामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिगर्ने समेतका कार्यहरु गर्दछ ।

हालसम्मका प्रमुख जिल्ला अधिकारी

सि.नं.	नाम	देखि	सम्म
१	श्री रुप वहादुर स्वांर	२०२७ साल	२०२८।३।२
२	श्री रामजी प्रसाद गुप्ता	२०२८।३।२७	२०२९।६।३०
३	श्री चक्रबन्धु अर्याल	२०२९।७।७	२०३३।७।३
४	श्री दामोदर रेग्मी	२०३३।७।१९	२०३६।६।३१
५	श्री लोकेन्द्रराज शर्मा	२०३६।७।३०	२०३७।३।६

सदानन्द गैरे
प्रमुख जिल्ला अधिकारी

सि.नं.	नाम	देखि	सम्म
६	श्री रामचन्द्र उपाध्याय	२०३७।८।२९	२०३९।६।२४
७	श्री बलराम कापर	२०३९।७।१९	२०४०।११।३
८	श्री बद्रिनाथ शर्मा	२०४०।१२।५	२०४२।११।१०
९	श्री केशवराज पौडेल	२०४२।१२।३	२०४६।३।६
१०	श्री रामकृष्ण पन्त	२०४६।३।२५	२०४६।१२।२२
११	श्री गणेश प्रसाद भट्टराई	२०४७।१।२७	२०४७।५।७
१२	श्री विजयराज भट्टराई	२०४७।५।२१	२०४८।७।२५
१३	श्री पद्मराज रेग्मी	२०४८।८।९	२०४९।९।३
१४	श्री कमल प्रसाद लालकर्ण	२०४९।९।२७	२०४९।१२।२४
१५	श्री बद्री बहादुर कार्की	२०५०।३।२७	२०५२।६।१२
१६	श्री गंगा बहादुर के.सी.	२०५२।६।२२	२०५३।१२।२४
१७	श्री विष्णुनाथ शर्मा	२०५४।०१।८	२०५४।०९।१४
१८	श्री मोहनसिंह खत्री	२०५४।९।२४	२०५५।३।३२
१९	श्री प्रेमनारायण शर्मा	२०५५।४।६	२०५६।८।२२
२०	श्री शिव प्रसाद नेपाल	२०५६।९।४	२०५८।३।३१
२१	श्री गीता प्रसाद खनाल	२०५८।४।१८	२०५८।९।२९
२२	श्री नेत्र प्रसाद शर्मा	२०५९।१।२९	२०६२।१।२६
२३	श्री दुर्गा प्रसाद पोखरेल	२०६२।२।३०	२०६३।३।१५
२४	श्री शंकर अर्याल	२०६३।३।२५	२०६४।२।२३
२५	श्री अब्दुल कलाम खाँ	२०६४।३।१०	२०६५।६।२५
२६	श्री टेकवीर जंग रायमाझी	२०६५।७।१८	२०६६।३।१९
२७	श्री परशुराम अर्याल	२०६६।४।२३	२०६८।३।१०
२८	श्री कवीन्द्र नेपाल	२०६८।३।३१	२०७०।३।७
२९	श्री कमलराज ढकाल	२०७०।३।२१	२०७१।८।१०
३०	श्री चन्द्र प्रसाद गैरे	२०७१।८।११	२०७२।७।९
३१	श्री प्रदीपराज कणेल	२०७२।७।१०	२०७३।३।१७
३२	श्री उदय बहादुर राना मगर	२०७३।३।२०	२०७३।८।१
३३	श्री कृष्ण प्रसाद ढुङ्गाना	२०७३।८।१३	२०७४।०६।११
३४	श्री गोपालप्रसाद अर्याल	२०७४।०६।१२	२०७५।०१।१९
३५	श्री कोशलराज शर्मा	२०७५।०१।२०	२०७५।०३।१४
३६	श्री यदुनाथ पौडेल	२०७५।०३।१८	२०७६।०७।०८
३७	श्री कोशहरि निरौला	२०७६।०७।१५	२०७६।११।१२
३८	श्री भरत कुमार शर्मा	२०७६।१२।०५	२०७७।०९।०७
३९	श्री रुद्रादेवी शर्मा	२०७७।०९।०८	२०७८/०६/०२
४०	श्री पुण्यविक्रम पौडेल	२०७८।०६।०७	२०७९/१०/११

सि.नं.	नाम	देखि	सम्म
४१	सागरमणि पाठक	२०७९/१०/१६	२०८०/०२/०५
४२	टेक बहादुर के.सी.	२०८०/०२/१२	२०८०/९/१९
४३	श्री कृष्ण प्रसाद शर्मा	२०८०/०९/२३	२०८१/७/१२
४४	श्री जनार्दन गौतम	२०८१/०७/१३	२०८२/०३/०९
४५	श्री विष्णु प्रसाद कोइराला	२०८२/०५/२६	२०८२/०७/२६
४६	श्री बद्रीनाथ गैह्रे	२०८२/०८/०१	हालसम्म

स्वीकृत कर्मचारी दरबन्दी विवरण

सि.नं	दर्जा	श्रेणी	संख्या	पुर्ति	रिक्त	कार्य विवरण
१	प्रमुख जिल्ला अधिकारी	रा.प.प्रथम	१	१		जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने ।
२	सहायक प्रमुख जिल्ला अधिकारी	रा.प.द्धितीय	१	१	-	प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने ।
३	प्रशासकीय अधिकृत	रा.प. तृतीय	२	२	-	प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने ।
४	नायब सुब्बा	रा.प.अनं.प्रथम	७	७	-	फाँट प्रमुख भई सम्वन्धित फाँटले गर्ने तोकिएका कार्य सम्पादन गर्ने
५	लेखापाल	रा.प.अनं.प्रथम	१	१		नियमानुसार लेखा सम्बन्धी श्रेस्ता राखे,लेखापरीक्षण गराउने ।
६	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	२	१ करार	१	सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने ।
७	खरिदार	रा.प.अनं.द्धितीय	४	३	१	सम्वन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने ।
८	ह.स.चा.	श्रेणी विहिन	२	२ करारमा		सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने ।
९	कार्यालय सहयोगी	श्रेणी विहिन	७	१ स्थायी ६करार		सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने ।
	जम्मा		२७	२५	२	

बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय गुल्मीले गर्ने मुख्य मुख्य कार्यहरु

शान्ति सुरक्षाको व्यवस्थापन सम्बन्धी कार्य

- केन्द्रीय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
- जिल्ला सुरक्षा योजना तर्जुमा गर्ने ।
- अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने ।
- दण्डहिनताको अन्त्य गर्ने ।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिने ।
- सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
- सबै सुरक्षा निकाय बीच प्रभावकारी समन्वय गर्ने ।
- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने

स्थानीय प्रशासन सम्बन्धी कार्य

- कर्मचारीको अभिलेखन व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- संघ-संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने ।
- हातहतियार ईजाजत, नवीकरण, स्वामित्व हस्तान्तरण सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ प्रयोगको ईजाजत, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने ।
- सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन तथा संरक्षण गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार एंव निर्देशन बमोजिम भ्रष्टचारको उजुरीमा प्रारम्भिक अनुसन्धान गरी पेश गर्ने ।
- ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- नाम, थर उमेर आदी प्रमाणित गर्ने ।
- नाबालकको उमेर प्रमाणित गर्ने ।
- पारिवारिक पेन्सन पत्र तथा रहलपहल सम्बन्धी काम गर्ने ।
- दलित, आदिवासी, जनजाति प्रमाणित गर्ने ।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नाता प्रमाणित गर्ने ।
- विविध कार्य गर्ने।

नागरिकता सम्बन्धी सेवा

- वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- बैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- थर, जन्ममिति संशोधन ।

राहदानी सम्बन्धी सेवा

- राहदानी फाराम संकलन गर्ने ।
- राहदानी द्रुत सेवा अभिलेख प्रमाणित गर्ने।
- राहदानी वितरण गर्ने।
- MRP को विवरण संशोधन गर्ने।

विपद् व्यवस्थापन सम्बन्धी सेवा

- जिल्ला विपद व्यवस्थापन समितिको बैठक व्यवस्थापन गर्ने।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण तथा लागु गर्ने।
- विपद् न्यूनीकरणका लागि तयारी गर्ने।
- विपद् भएको क्षति विवरण संकलन गर्ने ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनस्थापना गर्ने ।

अर्धन्यायिक कार्य

- प्रचलित कानुन बमोजिम अर्धन्यायिक निकायको रुपमा न्यायिक कार्य गर्ने ।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी बाट तोकिएका कसुरहरुमा सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- सार्वजनिक शान्ति विरुद्धको कसुरहरुको सुरु कारवाही तथा न्यायिक निर्णय गर्ने ।
- जिल्लाका विकास सम्बन्धी गतिविधीहरुको अनुगमन, अवलोकन, निरीक्षण तथा आएका समस्याहरुको समधान गर्ने ।

बजार अनुगमन तथा उपभोक्ता हित सम्बन्धी कार्य

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति,पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागी बजार अनुमगन तथा निरीक्षण गर्ने ।
- उपभोक्ता हित संरक्षणको लागि सचेतीकरण गर्ने ।
- उपभोक्ता हित सम्बन्धी कार्य गर्ने ।

लागु औषध नियन्त्रण सम्बन्धी कार्य

- लागु औषध तथा मदिराको पूर्ण रुपमा निरुत्साहित गरी समाजलाई स्वच्छ, स्वस्थ, सदाचारी र नैतिकवान बनाउने अभियानको रुपमा लागुऔषध विरुद्ध सचेतना अभियान् सचेतना सञ्चालन गर्ने गराउने ।
- लागु औषध सम्बन्धमा लागु भएका ऐन, कानून तथा कार्यविधीको पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।

अन्य कार्यहरु

- संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरुबीच समन्वय गर्ने ।
- प्रत्येक आर्थिक वर्षका निमित्त कानुन बमोजिम जिल्ला दररेट निर्धारण सम्बन्धी कार्य गर्ने

सदानन्द गहे
प्रमुख जिल्ला अधिकारी

- जिल्ला स्तरीय कार्यालयहरुको अनुगमन तथा निरीक्षण गर्ने ।
- विकास निर्माणका कार्यहरुमा सहयोग र सहजीकरण गर्ने ।
- सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा सुशासन कायम गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा सहयोग समन्वय र अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत सम्बन्धीत निकायबाट हुने निर्णय एंव निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

<u>जिल्ला प्रशासन कार्यालय गुल्मीको काम, कर्तव्य र अधिकार</u>

स्थानीय प्रशासन ऐन २०२८ लगायतका अन्य ऐन, तथा कानुनले तोकेबमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- जिल्लाको समग्र शान्ति सुरक्षाको व्यवस्थापन
- नागरिकताको वितरण र अभिलेख व्यवस्थापन
- राहदानी फारम संकलन र वितरण
- सवारी साधन संचालन सम्वन्धी कानूनको कार्यान्वयन
- गैरसरकारी संघ संस्था दर्ता र नवीकरण
- स्थानीय प्रशासनको सञ्चालन ।
- भ्रष्टाचार नियन्त्रण
- कार्यालय निरीक्षण तथा अनुगमन
- चिट्ठा जुवा आदिको नियन्त्रण ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
- विपद् व्यवस्थापन ।
- मुआव्जा निर्धारण तथा वितरण ।
- पुरस्कार तथा पदक सम्वन्धी सिफारिस ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सवै सम्पतिको रेखदेख, संभार र मर्मत गर्ने, गराउने ।
- राहदानी वितरण ।
- लागु औषध नियन्त्रण र प्रशासन ।
- जिल्ला स्थित कारागारको अनुगमन, नियमन र नियन्त्रण ।
- द्वन्द प्रभावितको पहिचान तथा राहत वितरण ।
- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको निर्देशन कार्यान्वयन ।

बेदनाथ भैहे
प्रमुख जिल्ला अधिकारी

- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।
- राष्ट्रिय अनसुन्धानसँगको समन्वय, सूचना संकलन र विश्लेषण ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग ।
- कानून बमोजिम तोकिएअनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा सत्तल मन्दिर र धर्मशाला आदीको लगत राख्ने ।
- नेपाल सरकार र गृह मन्त्रालयबाट निर्देशित कार्यहरु ।

आ.व. २०८२/८३ मा सम्पादित मुख्य मुख्य कार्यहरु

आर्थिक वर्ष २०८२/८३ यस कार्यालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

सि.नं	सम्पादित प्रमुख कार्यहरु	आ.व.८२/८३ को कार्यसम्पादन	कैफियत	
१.	नागरिकता विवरण		पुरुष	महिला
	क. वशंज	९५६४	४६९१	४८७३
	ख. आमाको नामबाट वंशज	८	३	५
	ग. मातृत्व पितृत्व विहिन वंशज	१	१	०
	घ. वैवाहिक अंगिकृत	२५		
	ङ . अंगिकृत (बाबु विदेशी आमा नेपाली)	२		
	च. गैर आवसीय नेपाली नागरिकता	११		
	ङ. प्रतिलिपि नागरिकता वितरण	६३९६		
	च. नागरिकता परित्याग	१३		
	छ. नागरिकता रद्द	९		
	ज. नावालक परिचय पत्र	५३९		
२.	राष्ट्रिय परिचय पत्र		पुरुष	महिला
	क विवरण दर्ता	२२३४४	१२२०७	१०१३७
	ख परिचय पत्र वितरण	१६५९१		
३	राहदानी (सिफारिस र वितरण)			
	१. नाबालक राहदानी	२८०		
	२. नयाँ तथा नविकरण राहदानी	७६८९		
	३. हराएको/च्यातिएको	४१०		
	जम्मा सिफारिस संख्या	८३७९		
	विभागबाट प्राप्त राहदानी संख्या :	१००८०		
	जम्मा राहदानी वितरण संख्या :	९५०७	हुलाकमार्फत घरघरमा वितरण १११०	
४.	विपद् व्यवस्थापन सम्बन्धी			

प्रमुख जिल्ला अधिकारी

सि.नं	सम्पादित प्रमुख कार्यहरु	आ.व.८२/८३ को कार्यसम्पादन			कैफियत
	क अनुदान प्राप्त गर्ने संख्या	पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	
		३८	१२०	११२	
	ख वितरण गरिएको अनुदान रकम	३,८४,१५०००			
५	मुद्दा सम्बन्धी विवरण				
	क. अभद्र व्यवहार दर्ता	१५			(४ वटा मुद्दा अघिल्लो आ.व बाट जिम्मेवारी सरि आएका)
	फछ्यौंट	१९			
	ख. भ्रष्टाचार जन्य/कालोबजारी	१			
	ग. क्षतिपुर्ती सवारी ज्यान	११			
	फछ्यौंट	११			
	घ. सार्वजनिक शान्ती बिरुद्धको कसुर	१			
	फछ्यौंट	१			
	ङ. जुवा मुद्दा	०			
	च. मादक पदार्थ सेवन	०			
	छ. टाडो उजुरी	४५			
	फछ्यौंट	४५			
	ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी	२३			
	फछ्यौंट	२०			
	झ. अन्य निकाय बाट प्राप्त उजुरी	६			
	फछ्यौंट	४			
	ञ. वैदेशिक रोजगारी सम्बन्धी उजुरी	१०			
	फछ्यौंट	१०			
	ट. न्यून स्तरको खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण	१			
	फछ्यौंट	१			
	जम्मा मुद्दा दर्ता संख्या :	२९			
	जम्मा मुद्दा फछ्यौंट संख्या	३२			
७	घटना दर्ता रद्द सम्बन्धी विवरण				
	क. जन्मदर्ता	१२			
	ख. विवाहदर्ता	१			
	ग. सम्बन्ध विच्छेद दर्ता	१			
८	दलित प्रमाणित	३५०			
९	जनजाति प्रमाणित	५३८			
१०	पेन्सन सम्बन्धी कागजात प्रमाणित	१२२८			

सि.नं	सम्पादित प्रमुख कार्यहरु	आ.व.८२/८३ को कार्यसम्पादन	कैफियत
११	अन्य प्रमाणित	५८०	
१२	पत्रपत्रिका दर्ता	०	
१३	संघ संस्था दर्ता	४	
१४	संघ संस्था नवीकरण	१७४	
१५	संघ संस्था खारेजी	९	
१६	हातहतियार नवीकरण	७८	
१७	हातहतियार नामसारी	२	
१८	सहायता कक्षबाट सेवा लिने संख्या	२८३१	
१९	सामाजिक संजाल अध्यावधिक पटक	७६	
२०	कार्यालयको वेबसाईट अध्यावधिक पटक	५७	
२१	अभिलेख प्रमाणित	१५०७	
२२	CCTV जडान सम्बन्धी	-	
२३	ड्रोन उडान अनुमति दिएको	१	

२. मुख्य क्रियाकलापहरुको विवरण

क.सं.	मुख्य क्रियाकलाप	यो आ को हाल सम्म.व.	कैफियत
१.	द्वन्द्व प्रभावितका लागि राहत वितरण		
	क. राहत प्राप्त गर्ने संख्या	९	
	ख. वितरित राहत रकम	११,२८०००/-	
२.	कार्यालय अनुगमन	२८	
३.	विभिन्न गैरसरकारी संस्था अनुगमन तथा निरीक्षण	२४	
४.	बजार नियमन		
	क अनुगमन	१८	
५.	गुनासो र फछ्यौट		
	क कार्यालयमा निवेदन/इमेल/CCMIS मार्फत	२५५३	
	ख हेल्लो सरकार मार्फत	९	
	जम्मा		
६.	बैठक		
	क जिल्ला विपद् व्यवस्थापन समिति	३	
	ख कार्यालय प्रमुख	१२	
	ग जिल्ला सुरक्षा समिति	४४	
	घ सूचना अधिकारी	४	
	ङ स्टाफ	१२	
	च अन्तरजिल्ला सुरक्षा समन्वय बैठक	४	

बद्रीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

क.सं.	मुख्य क्रियाकलाप	यो आ को हाल सम्म.व.	कैफियत
	छ निर्वाचन कमाण्ड पोष्टको बैठक	८	
	ज निर्वाचन सम्वद्ध विभिन्न समितिको बैठक	२३	
	झ विपद सम्बद्ध अन्य समन्वय बैठक	१	
	ञ जग्गा प्राप्ति मुआब्जा तथा क्षतिपूर्ति बैठक	१५	
	ट कसुरजन्य सम्पति व्यवस्थापन बैठक	४	
	ठ राजस्व चुहावट नियन्त्रण समितिको बैठक	४	
	ड जिल्ला दररेट निर्धारण समितिको बैठक	२	
	ढ यातायात व्यवस्थापन सम्बन्धी बैठक	२	
	ण विविध समन्वय तथा सहजीकरण बैठक	१२१	
७.	जम्मा	२५९	

३. जग्गा प्राप्ति , मुआब्जा तथा क्षतिपूर्ति निर्धारण सम्बन्धी विवरण

सि.नं.	निशुल्क जग्गा प्राप्ति गर्ने निकाय/संस्था	संख्या	कैफियत
१	पालिका कार्यालय	१	
२	वडा कार्यालय	६	
३	स्वास्थ्य संस्था	५	
४	विद्यालय	१	
५	खेलमैदान	१	
६	बसपार्क	१	
	जम्मा	१५	
	मदनभण्डारी सडक आयोजना अन्तर्गत विभिन्न खण्डमा पर्ने घर/टहराको क्षतिपूर्ति निर्धारण		

कार्यालयको राजश्व सम्बन्धी विवरणः

राजश्व विवरण			
विवरण	आ.व. २०८१/८२	आ.व. २०८२/८३	कैफियत
राहदानी बापत	५,६५,४३,५१०	४,३३,६३००१	
परीक्षा शुल्क	४६४००	१०७००	
अन्य प्रशासनिक सेवा शुल्क	६०९२.७८	२७२८००	
कम्पनी रजिष्ट्रेसन दस्तर	७४४८००	२८५४३०	
हातहतियारको इजाजतपत्र दस्तर	१७५२५०	१९९५००	
न्यायिक दण्ड जरिवाना र जफत	-	१००००	
प्रशासनिक दण्ड जरिवाना र जफत	३१७०००	१०६५००	
धरौटी सदस्याहा	२२,६३०	११५०३७२	
सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	२०,०००	-	
जम्मा	५,७८,७५,६८२.७८	४,५३,९८,३०३	

प्रमुख जिल्ला अधिकारी

जिल्लामा शान्ति सुरक्षा कायम गर्न गरिएका कार्यहरु

- जिल्ला सुरक्षा समितिको बैठक

जिल्लामा शान्ति सुरक्षा व्यवस्था कायम गर्न, आपराधिक गतिविधीहरु हुन नदिन, चाडपर्व विशेष सुरक्षा व्यवस्था कायम गर्न, निषेधित वस्तु, सेवा तथा क्रियाकलापलाई रोकथाम गर्न यस आ.व.मा जिल्ला सुरक्षा समितिका ४४ वटा बैठकहरु सम्पन्न भएका छन् ।

-स्थानीय तहमा सेवा सम्बन्धी अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुका लागि नागरिकता लगायतका सेवा सम्बन्धी अभिमुखीकरण कार्यक्रम ५ वटा स्थानीय तहमा सञ्चालन गरिएको छ। साथै शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा सेवाप्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम ८ वटा स्थानीय तहमा सञ्चालन गरिएको छ।

- अपराध नियन्त्रण सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन

विभिन्न विद्यालय तथा क्याम्पसहरुमा अपराध नियन्त्रण सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन गरिएको छ।साथै अपराध न्यूनिकरण सम्बन्धमा न्यायिक समितिका पदाधिकारी, महिला अधिकारकर्मी लगायतसँग अन्तरक्रिया गरिएको छ।

-सीमाक्षेत्रमा हुने अपराध नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम

सीमाक्षेत्रमा हुन सक्ने सम्भावित अपराधको नियन्त्रणका लागि यस जिल्लाको पहलमा विभिन्न समयमा रोल्पा, रुकुम, पर्वत, बागलुङ, अर्घाखाँची र प्यूठान जिल्लाका जिल्ला सुरक्षा समिति तथा नागरिक समाज, स्थानीय जनप्रतिनिधी, सीमाक्षेत्रका नागरिकहरुको उपस्थिति समेत रहने गरी सुरक्षा समन्वय बैठक बसिएको ।

-चाडपर्व लक्षित सुरक्षा योजना

यस जिल्लामा मनाईने दशैं, तिहार, चैतेदशैं, तिज, जनैपूर्णिमा, माघे संक्रान्ति,साउने एकादशी लगायतका चाडपर्वमा हुन सक्ने लुटपाट, हत्याहिंसा, चोरीडकैती, झै-झगडा लगायतका अपराधिक गतिविधीलाई नियन्त्रण गर्न जिल्ला सुरक्षा समितिबाट चाडपर्व लक्षित सुरक्षा योजना बनाई नियमित रुपमा गस्ती, पिकेटिङ्ग, सुचना प्रवाह, अनुगमन जस्ता सुरक्षा योजनाको कार्यान्वयन गरिएको छ ।

-राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधी सम्बन्धी कार्ययोजना निर्माण

राजमार्ग वा सडकमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहिको सम्बन्धमा यस आर्थिक बर्षमा १ पटक बैठक बसी कार्यविधी सम्बन्धी कार्ययोजना, २०८२।८३ जारी गरिएको थियो। सो योजना अनुसार राजमार्ग अवरोधका सम्भावित क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा हुने सुरक्षा

बदीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

अवरोध हटाउन आवश्यक जनशक्ति खटाउने, सामग्रीहरुको उपलब्धता गराउने, लगायतका कार्यहरु गरिएको थियो ।

- सामुदायिक साझेदारी कार्यक्रम

जिल्ला अन्तर्गत स्थानीयस्तरका समुदायहरु सँगको समन्वयमा शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणका लागि विद्यमान ऐन कानुन/संहिता/हरुको मुख्य मुख्य व्यवस्थाहरुको सचेतनाका लागि समुदाय प्रहरी साझेदारी मार्फत कार्यक्रम सम्पन्न गरिएको छ ।

-अन्तर जिल्ला समन्वय बैठक

यस जिल्लासँग सीमाना जोडिएका ६ वटा जिल्लाहरुका सबै सुरक्षा समितिका प्रमुखहरु सम्मिलित ४ पटक अन्तर जिल्ला सुरक्षा समन्वय बैठक समपन्न भएको छ ।शान्ति सुरक्षा तथा अपराध न्यूनीकरण, विपद् व्यवस्थापन, विकास व्यवस्थान, प्राकृतिक स्रोत साधनको संरक्षण लगायतका विषयमा असल अभ्यासहरुको आदान प्रदान तथा उल्लेखित विषयहरुमा सूचना आदान प्रदान गर्ने तथा समन्वयात्मक रुपमा समस्याको समाधान गरी अन्तर जिल्ला सुरक्षा व्यवस्थालाई सुदृढ तथा प्रभावकारी बनाउने विषयमा निर्णयहरु भएका छन। यस आ.वमा सम्पन्न अन्तर जिल्ला सुरक्षा समितिको बैठकहरु तपशिल बमोजिम रहेका छन।

तपशिलः

सि.नं	मिति	बैठकमा संमेलित जिल्लाहरु	कै
१	२०८२/०८/२७	गुल्मी-प्यूठान-अर्घाखाँची	
२	२०८२/०९/१०	गुल्मी-पर्वत-बाग्लुङ	
३	२०८३/०१/२६	गुल्मी-बाग्लुङ-रोल्पा-पूर्वि रुकुम	
४	२०८३/०२/३१	गुल्मी-अर्घाखाँची-प्युठान	

-सुरक्षा निकाय तथा मातहतका ईकाईहरुको अनुगमन

जिल्लामा शान्ति सुरक्षाको व्यवस्थालाई प्रभावकारी बनाई मजबुद बनाउन, विपद् व्यवस्थापन, सम्बन्धमा सशस्त्र प्रहरी बल नेपाल नं.३७ गुल्म मा ३ पटक, जिल्ला प्रहरी कार्यालय ३ पटक ईलाका प्रहरी कार्यालयहरुमा ६ पटक र प्रहरी चौकीहरु १९ वटा गरी ३१ पटक अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ ।

उजुरी तथा गुनासो सम्बोधन

कार्यालयमा परेका ४५ वटा ठाडो तथा मौखिक उजुरी मध्ये ४५ उजुरी तथा गुनासो फर्छयौट गरिएको छ ।पर्न आएका उजुरी तथा गुनासो सम्बन्धमा सम्बन्धीत निकायलाई लेखी पठाउने, सम्बन्धीत व्यक्तिलाई झिकाई मेलमिलाप गराउने, फर्छयौट गर्न लगाउने, क्षतिपुर्ति गराउने कार्य गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ सम्बन्धीका कार्यहरु

- प्रतिनिधि सभा निर्वाचन २०८२ एकिकृत निर्वाचन सुरक्षा योजना निर्माण र कार्यान्वयन
- सुरक्षा संवेदनशीलता अनुसार १४५ मतदानस्थलहरुको बर्गिकरण
- १८७४ जना निर्वान प्रहरी भर्ना, तालिम तथा परिचालन
- तिन तहको सुरक्षा व्यवस्थापन, संयुक्त र एकल सुरक्षा गस्तीहरु परिचालन
- मदतानस्थलहरुको अनुगमन तथा व्यवस्थापनमा सहजीकरण र मतगणनास्थल निर्धारण र सुरक्षा व्यवस्थापन
- निर्वानमा परिचालित हुन कर्मचरीहरुको अनुमान र प्रक्षेपण, विवरण संकलन, एकीकरण गरि करिब १७ सय कर्मचारी परिचालन
- प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ स्वच्छ एवं शान्तिपूर्ण वातावरणमा सम्पन्न

सुशासन प्रर्वद्धनका लागि गरिएका कार्यहरु

१. कार्यालयको आन्तरिक व्यवस्थापन

क. कार्यालयको सरसफाई तथा सजावट

जिल्ला स्थित सम्पुर्ण कार्यालयहरुलाई आफ्नो कार्यालय परिसर सफा, स्वच्छ तथा वातावरणमैत्री राख्न निर्देशन गरिएको छ ।यस जिल्ला प्रशासन कार्यालय गुल्मीको परिसरमा बाहै महिना फुलहरु फुल्ने गरी विभिन्न प्रजातिका फुलका बिरुवाहरु रोपिएको छ भने नियमित रुपमा कार्यालयको परिसर, कार्यालयको सरसफाई गर्ने गरिएको छ । सेवाग्राहीको दैनिक भिडभाड हुने कार्यालका प्रत्येक कार्यकक्ष, प्रत्येक फ्ल्याट तथा परिसरमा डस्टबिनको व्यवस्था गरिएको छ ।

ख. नागरिक वडापत्रको व्यवस्था

कार्यालयबाट प्रवाह हुने सेवा, लाग्ने समय, जिम्मेवार कर्मचारी, सम्वन्धित फाँट तथा गुनासो एंव उजुरी सुन्ने अधिकारीको व्यवस्था समेत उल्लेख भएको नागरिक वडापत्रको व्यवस्था गरिएको छ साथै डिजिटल माध्यमबाट पनि दैनिक सेवा प्रवाह सम्वन्धको जानकारी गराउने व्यवस्था गरिएको छ।सवै सरकारी कार्यालयहरुलाई अनिवार्य रुपमा नागरिक वडापत्र राख्न निर्देशन दिइ सबै सरकारी कार्यालयहरुले नागरिक वडापत्र राख्ने कार्य भएको छ।

ग. स्तनपान कक्ष

जिल्ला प्रशासन कार्यालयमा आउने महिला सेवाग्राहीहरुलाई मध्यनजर राख्दै स्तनपान गराउनु पर्ने आफ्नो बच्चाहरुलाई स्तनपान गराउनको निम्ति स्तनपान कक्ष निर्माण गरिएको छ। लैङ्गिकमैत्री सेवा प्रवाहको कार्यमा स्तनपान कक्षले सेवाप्रवाहको अवस्थालाई थप प्रभावकारी सावित गरेको छ।

घ. सहायतता कक्षको व्यवस्था

यदोनाथ गौतम
प्रमुख जिल्ला अधिकारी

कार्यालयमा आउने सेवाग्राहीलाई सेवा प्राप्त गर्न समस्या नहोस भन्ने हेतुले सहायता कक्षको व्यवस्था गरिएको छ। यस कक्षबाट सेवाग्राहीहरुलाई निशुल्क निवेदन तथा टिकट उपलब्ध गराउने, सेवा प्राप्त गर्ने सम्बन्धीत फाँट तथा जिम्मेवार अधिकारीको बारेमा जानकारी गराउने, कागजात रुजु गरिदिने जस्ता कार्यहरु गरिएको छ । यस आर्थिक बर्षमा यस कक्षबाट २८३१ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन्।

ङ. राहदानीको निःशुल्क **Pre-enrollnment** सेवा

जिल्ला प्रशासन कार्यालयमा राहदानी सेवा लिन आउने सेवाग्राहीले कार्यालय बाहिर चर्को मूल्य तिरी अनलाईन फाराम भरी (Pre-enrollment) आउनुपर्ने अवस्थाको अन्त्य गर्दै कार्यालयबाट उक्त सेवा प्रदान गरिएको छ।

च. वडाको सिफारिस भएको अवस्थामा थप निवेदन नचाहिने व्यवस्था

जिल्ला प्रशासन कार्यालयमा विभिन्न सेवा लिन आउने सेवाग्राहीले वडा कार्यालयको सिफारिसका अतिरिक्त छुट्टै व्यक्तिगत निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको, जसका कारण सेवाप्राप्तिमा बढी समय लाग्ने, निवेदन लेख्ने व्यक्ति खोज्नुपर्ने, चर्को शुल्क तिर्नुपर्ने अवस्था हुन्थ्यो। उक्त अवस्थाको अन्त्य गर्दै वडा कार्यालयको स्पष्ट सिफारिस भएको अवस्थामा छुट्टै व्यक्तिगत निवेदन नचाहिने व्यवस्था गरिएको छ।

छ. हुलाकमार्फत घरघरमा राहदानी वितरण

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको निर्णयबाट स्वीकृत १०० बुँदे शासकीय सुधार योजनाको कार्यान्वयन गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालय गुल्मीले मिति २०८३ बैशाख १० गते जिल्ला हुलाक कार्यालय गुल्मीसँग सम्झौता (MOU) गरी नागरिकका घरघरमा पुर्‍याई राहदानी वितरण गर्ने व्यवस्था मिलाएको छ। उक्त व्यवस्था अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ मा १११० जनाले घरमा नै राहदानी प्राप्त गरेका छन्।

ज. मासिक उत्कृष्ट कर्मचारी छनौट र सम्मान

कार्यालयमा काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्ने र असल कार्य गर्नेलाई सम्मान गर्ने उद्देश्यले २०८३ बैशाख महिनादेखि मासिक रुपमा उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गर्ने गरिएको छ। जस अन्तर्गत बैशाख महिनामा प्रशासकी अधिकृत नारायण घर्ती, जेठ महिनामा सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरे र असार महिनामा कार्यालय सहयोगी तुल्से जोगी सम्मानित भएका छन्।

झ. ज्येष्ठ नागरिक एंव अपाङ्गमैत्री सेवा प्रवाह

यदोनाथ गैह
प्रमुख जिल्ला अधिकारी

कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक तथा विभिन्न किसिमका अपाङ्गता भएका सेवाग्राहीहरुलाई पहिलो प्रायमिकतामा राखी सेवा प्रवाह गर्ने गरिएको छ। अपांगताको कारणले सेवा लिन गाह्रो भएमा गेट सम्म पुगी फाराम भरी सेवा दिने गरिएको।

ञ. सूचना प्रविधिको प्रयोग

डिजिटलाईजेसनको अवधारणा अनुरुप कार्यालयबाट सम्पादन हुने अधिकांस क्रियाकलापहरु सुचना-प्रविधिमैत्री हुने गरी गरिएको छ । कार्यालयको वेवसाईटको अध्यावधिक, ईमेल, फेसबुक पेजमा सूचनामूलक विषयहरु राख्ने गरिएको,सुरक्षा समिति, कार्यालय प्रमुख, स्थानीय तहका पदाधिकारी तथा प्रमुख प्रशासकीय अधिकृतहरुको समूह बनाइ SMS मार्फत सुचना बैठकको जानकारी गराउने गरिएको । कार्यालयबाट जारी गरिने सबै नागरिकताका अनूसूचि स्क्यान गरिएको ।

ट. निशुल्क वाइफाई तथा टेलिफोनको व्यवस्था

कार्यालयमा आउने सेवाग्राहीहरुको सहजताका लागि निशुल्क वाईफाई तथा टेलिफोनका साथै मोबाइल चार्ज गर्ने व्यवस्था गरिएको छ ।

ठ. लैङ्गिकमैत्री शौचालय, स्वच्छ खानेपानी र प्रतिक्षालयको व्यवस्था

कार्यालयमा आउने महिला र पुरुष सेवाग्राहीहरुको लागी छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ। कार्यालयका विभिन्न स्थानहरुमा सफा पिउनेपानीको उपलब्धता गराईएको छ भने कार्यालय परिसरमा पर्याप्त वेन्चको व्यवस्था तथा प्रतिक्षालयको रुपमा गोलघरको निर्माण गरिएको छ ।

ड. सिसिटिभीको प्रयोग

कार्यालयबाट प्रवाह हुने सेवाको अनुगमन तथा निरीक्षण गर्न तथा सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै सिसिटिभी क्यामेरा जडान गरिएको छ । कार्यालय परिसरमा सेवा ग्राहीको लागि टेलिभिजनको व्यवस्था गरिएको छ।

ढ. बिचौलियाहरुलाई कार्यालय प्रवेश निषेध

विभिन्न किसिमका विचौलिया मार्फत सेवाग्राहीहरु मर्कामा परेको कारण कार्यालय परिसरमा त्यस्ता विचौलियाहरुलाई प्रवेश निषेध गरी सेवाग्राहीहरुलाई आफ्नो काम आफै गराउन प्रेरित गर्ने गरी सहायता कक्षको व्यवस्था गरिँदै आएको छ। फाराम भर्न नसक्ने सेवाग्राहीको लागि निवेदन लेख्ने तथा फारामहरु भर्ने व्यवस्था गरिएको छ।

बद्रीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

ण. सरकारी सवारी साधन सञ्चालन कार्यविधि निर्माण र कार्यान्वयन

जिल्ला भित्रका तीन तहका सरकार तथा सार्वजनिक संस्थान अन्तर्गत रहेका सरकारी साधनहरुको लगत राख्ने, साधनको उपयोगलाई मितव्ययी बनाउने, दुरुपयोग हुन नदिने, मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने तथा मर्मत हुन नसक्ने साधनलाई समयमै लिलामी गर्ने लगायतका कार्यलाई व्यवस्थित बनाउन स्थानीय प्रशासन ऐन, २०२८, सुशासन व्यवस्थापन) ऐन (तथा सञ्चालन, २०६४ , सरकारी सवारी साधनलाई नियमन गर्न गृह मन्त्रालयलाई प्राप्त अधिकार लगायतका व्यवस्थको अधिनमा रही जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरुको मिति २०८२।०८।०४ गतेको निर्णयबाट कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

२. कार्यालय प्रमुखहरुको बैठक

जिल्ला स्थित सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवा लाई छिटो,छरितो, सेवाग्राहीमैत्री, उत्तरदायी, पारदर्शी, भ्रष्टाचारमुक्त, नियमित, मितव्ययी रुपमा प्रवाह गर्न, सेवाग्राहीहरुको गुनासो आउन नदिने गरी सेवा दिन, अभिलेखको सही व्यवस्थापन गर्न, आर्थिक तथा वित्तिय उत्तरदायित्वको सही तरिकाले वहन गर्न, बेरुजु फर्छ्यौट, सरकारी साधनको दुरुपयोग रोक्न, विकासको गतिविधीहरुलाई समयमै सकिने गरी संचालन गर्न, सु-शासनको अवधारणाको पालना गर्न गराउन यस आ.व.मा १२ पटक कार्यालय प्रमुखहरुको बैठक बसी निर्णय कार्यान्वयन गरिएको छ ।

३ सूचना अधिकारीहरुको बैठक

सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली २०६५ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ नियमावली २०६५ बमोजिम सुचनाको हकको प्रभावकारी कार्यान्वयन गरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरुबाट सुशासन प्रवद्धन गर्न सबै सूचना अधिकारीहरुको बैठक बसी नियमित रुपमा कार्यालयका सूचनाहरु आदान प्रदान गर्ने गरिएको छ।यस आर्थिक बर्षमा सूचना को व्यवस्था, वेवसाईट अद्यावधिक, सूचनाको प्रवाह सम्वन्धमा निगरानी बढाईएको छ।

सूचना अधिकारी नतोकिएको सबै कार्यालयलाई सूचना अधिकारी तोक्न लगाई सबै सूचना अधिकारीको सम्पर्क नं जिल्ला प्रशासन कार्यालयमा सबै सेवाग्राहीले देख्ने गरी राखिएको।

४ जिल्ला स्थित सरकारी कार्यालयहरुको अनुगमन

यस जिल्लाका सेवा प्रदायक सरकारी तथा अन्य कार्यालयहरुको निरीक्षण गरी कार्यालयवाट प्रवाह हुने सेवा प्रवाह बिचौलियालाई कार्यालय क्पाउण्डमा निशेध, कार्यालयको शौचालयको सरसफाई, सूचना अधिकारी तोक्ने, सहायता कक्षवाट सेवाग्राहीलाई सहजीकरण गर्ने विषयमा प्रमुख जिल्ला अधिकारीवाट निर्देशन दिइ सुधार गरिएको ।कार्यालयमा अनुपस्थित रहने, विदा/काज/स्वीकृत नगराउने, तोकिएको पोशाक र परिचय पत्र नलगाउने, तथा सेवाग्राहीवाट गुनासो आएका कर्मचारीहरूलाई नियमितता, समय पालना, अनिवार्य पोशाक लगाउनु पर्ने, परिचय पत्र लगाउनु पर्ने, विदा तथा काज खटिनुपर्दा पूर्वस्वीकृति लिनु पर्ने जस्ता विषयमा सचेत गराईएको छ।साथै अनियमितताको सम्वन्धमा गुनासो प्राप्त कर्मचारीलाई पत्राचार गरी सो सम्बन्धमा सोधपुछ गरी सचेत तथा आवश्यक कारवाही समेत गरिएको छ

५ स्थानीय तहका प्रमुख एंव प्रमुख प्रशासकीय अधिकृतसँग समन्वयात्मक बैठक

स्थानीय प्रशासन र स्थानीय तहहरु विच एक आपसमा समन्वय, सह-अस्तित्व, सहकार्यको सहयोगी भई शान्ति सुरक्षा, विकास निर्माण लगायत सुशासन कायम गर्नका लागि बैठक बसिएको छ। जिल्ला भित्र विकास निर्माण लगायत विकाससँग सम्बन्धीत कार्यहरु निर्धारित समयमानै सम्पन्न गर्न गराउन, प्रचलित कानून अनूरुप लेखा राख्र, विपद् व्यवस्थापनमा स्थानीय तहले वनाउनु पर्ने कानून नीति मापदण्ड तयार गर्न स्थानीय तहवाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाई नागरिकले सुशासनको प्रत्यक्ष अनुभूति प्राप्त गर्न, जनचासोसँग सम्बन्धीत विपयहरुको सम्वोधन गर्ने सम्बन्धका विपयहरु बैठकमा छलफल गरियो ।

६ कर्मचारीको नियमित बैठक

यस कार्यालयका कर्मचारीहरुको मासिक रुपमा बैठक बसी प्रत्येक शाखाको कार्य विवरणमा तोकिएका जिम्मेवारीहरु त्रुटिरहित रुपमा पुरा गर्ने, सेवा प्रवाहलाई गुनासो रहित, चुस्तदुरुस्त, शीघ्र, प्रभावकारी, नियमित, मितव्ययी, अनुशासनको पालना, कार्यालयको सरसफाई लगायतका विषयहरुमा निर्णय गरी पुर्ण कार्यान्वयमा ल्याईएको छ।

७ राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य

नेपाली नागरिकका वैतनिक तथा जैविक पहिचान सहितको विवरण समावेश गरी राष्ट्रिय परिचय पत्र दर्ता कार्य सुरुवातको २०७७ बाट शुभारम्भ भएको थियो ।हाल यस आ.व.मा जिल्ला प्रशासन कार्यालयवाट २२३४४ जनाको विवरण दर्ता गरिएको र १६,५९१ जनाको कार्ड वितरण गरिएको।

८. अन्य कार्यहरु

- संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी विकास आयोजना सञ्चालनमा सहजीकरण गरिएको।
- विकास निर्माण लगायत अन्य आयोजनाहरुको स्थलगत अनुगमन सम्पन्न गरी आवश्यकता अनुसार निर्देशन दिईएको ।
- चालु आ.व. मा स्थानीयको घरमै गई एक जना शाररिक रुपमा अशक्त व्यक्तिहरुलाई नागरिकता प्रदान गरिएको। इस्मा गा.पा ४ मा जिल्ला प्रशासन कार्यालयवाट कर्मचारी घरमै गई नागरिकता वितरण गरिएको।

बद्रीनाथ गैह्रे
प्रमुख जिल्ला अधिकारी

विपद् व्यवस्थापन

मिति २०८३।०२।१२ गते प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैहेज्यूको अध्यक्षतामा र जिल्ला सुरक्षा समिति गुल्मीको संयुक्त आयोजना साथै स्थानिय तहको समन्वयमा ईस्मा गाउँपालिका वडा नं २ स्थित छल्दी पनाहा खोलामा मनसुनजन्य विपद् अभ्यास सम्पन्न भएको। विपद् सम्बन्धी अभ्यासका केही झलकहरु:



बद्रीनाथ गैहे
प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय

विपद् व्यवस्थापनको लागि २४ घण्टा भित्र उद्धार र ७२ घण्टा भित्र राहत दिने नीति अनुरुप कार्य गरिएको । जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र (DEOC)लाई सुदृढीकरण गरिएको ।पूर्व सूचना प्रणालीद्वारा सम्भावित बाढी पैरो मौसम सम्बन्धी सूचना जारी गरिएको ।विपद् बाट मृत्यू भएकालाई सके सम्म घरमै गई राहत दिने गरिएको ।

प्रमुख जिल्ला अधिकारी